# परिभाषित प्रेम कथामा समाख्यानात्मक काल

*अनुपमा रेग्मी*


## लेखसार

*प्रस्तुत लेखमा बेन्जु शर्माद्वारा लिखित परिभाषित प्रेम कथामा प्रयोग भएको समाख्यानात्मक कालको खोजी गरी त्यसको कथागत प्रभावकारिता पहिल्याइएको छ । साहित्यिक कृतिबाट तथ्यको खोजी गरी समाख्यानात्मक कालको सैद्धान्तिक आधारमा विश्लेषण गरिएकाले अध्ययन गुणात्मक प्रकृतिको छ साथै अध्ययनमा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । समाख्यानमा प्रस्तुतीकरणको (रिप्रेजेन्टेसनल) काल र प्रस्तुत भएको (रिप्रेजेन्टेड) काल अर्थात् सङ्केतक काल र सङ्केतित काल गरी दुई किसिमले कालको प्रस्तुति भएको हुन्छ । आख्यानमा प्रस्तुत घटनाको समय, घटनाको क्रम, पात्रका मनोदशा, विचार उत्पन्न हुँदाको समय, घटनाको आवृत्ति र घटना प्रस्तुत गर्दा लेखकले प्रयोग गरेको काल (टेन्स) का आधारमा समाख्यान कालबारे अध्ययन गर्न सकिन्छ । 'परिभाषित प्रेम' कथामा घटना काल अर्थात् प्रस्तुतीकरणको काल र समाख्यायित काल अर्थात् प्रस्तुत भएको काल भिन्नाभिन्नै छ । यस कथामा घटना काल दुई दिनको भए पनि समाख्यायित काल चालिस वर्षको छ । कथामा पूर्ण वर्तमान कालको प्रयोगले कथामा अग्रभूमीकरण गरेको छ भने पात्रको मनको निश्चितता देखाउन भविष्यत्कालको प्रयोग गरिएको छ । भूतकालिक प्रयोगले पात्रको स्थितिबोध गराएका छन् भने वर्तमान कालमा समाख्यानात्मक क्रमको प्रस्तुति भएको छ । यस कथामा प्रस्तुत समाख्यायित कालको विषय मूल पात्रको विगतको सङ्घर्ष र स्थिति हो । लेखमा विवेचित कथाको समाख्यानात्मक क्रम अघि बढ्दा वर्तमान कालको प्रयोग भएकाले कथामा दृश्यात्मकता र प्रभावकारितामा वृद्धि भएको, पाठकमा कौतुहल सिर्जना गर्नमा घटना कालले र कौतुहलताको शमन गरी पाठकमा आत्मसन्तुष्टि प्रदान गर्नमा समाख्यायित कालले भूमिका खेलेको, 'परिभाषित प्रेम' कथाको संरचना मिश्रित हुनुमा समाख्यानात्मक कालको भूमिका रहेको निष्कर्ष प्राप्त भएको छ ।*


**शब्दकुञ्जी** : असङ्गति, घटना काल, समाख्यानात्मक क्रम, समाख्यायित काल, सामयिक आयाम

## १. विषय परिचय

'परिभाषित प्रेम' कथा बेन्जु शर्माले लेखेकी हुन् । यो कथा बेन्जु शर्माका कथाहरू कथासङ्ग्रहमा सङ्गृहीत छ । बेन्जु शर्मा (२००३) नेपाली साहित्यमा कविता र आख्यान विधामा कलम चलाउने स्थापित स्रष्टा हुन् । उनका देहमुक्त (संयुक्त कथासङ्ग्रह), विसङ्गत, आन्दोलनपूर्वका बन्द अभिव्यक्ति, सम्बन्ध प्रदूषण, इतर किनाराको वारिपारि, कर्फ्यु आदि कवितासङ्ग्रह र बेन्जु शर्माका

कथाहरू कथासङ्ग्रह कृतिहरू प्रकाशित छन् । बेन्जु शर्माका कथाहरूमा आर्थिक अभावले कष्टकर बनेको जीवन, लैङ्गिक असमानता र प्रेमका विसङ्गत अवस्थाको चित्रण भएको पाइन्छ । 'परिभाषित प्रेम' कथा एउटी छोरीकी आमा तर आकाङ्क्षा र उमेरको सान्निध्यमा रहेर बाँचिरहेकी एक स्त्रीको जीवनमा आएको अचानकको मोडले उत्पन्न द्वन्द्वको सिर्जनामा आधारित छ (गौतम, भूमिका) । शर्माका कथामा प्रयुक्त समाख्यानशास्त्रका विभिन्न आयामको अध्ययन विश्लेषण गरी ती कथाको मूल्याङ्कन गर्न सकिन्छ ।

समाख्यानशास्त्र संरचनावादी समालोचना प्रणालीको एउटा अङ्ग हो । यसमा आख्यानको संरचनाबारे अध्ययन गरिन्छ । यसले आख्यानको संरचक घटकका रूपमा आउने विभिन्न घटकहरूको अध्ययन विश्लेषण गरी समाख्यान कसरी निर्मित भएको छ र त्यसको सार के हो भन्नेबारे अध्ययन गर्छ । समाख्यानशास्त्र सिद्धान्त र विधि दुवै हो । समाख्यानका विभिन्न उपकरणमध्ये समाख्यानात्मक काल पनि महत्त्वपूर्ण उपकरण हो । आख्यानमा प्रयुक्त काललाई समाख्यानात्मक काल भनिन्छ । यो कथाको समय विश्लेषणसित सम्बद्ध छ । समाख्यानमा प्रस्तुतीकरणको (रिप्रेजेन्टेसनल) काल र प्रस्तुत भएको (रिप्रेजेन्टेड) काल अर्थात् सङ्केतित काल र सङ्केतक काल गरी दुई किसिमले कालको प्रस्तुति भएको हुन्छ । आख्यानमा प्रस्तुत घटनाको समय, घटनाको क्रम, पात्रका मनोदशा, विचार उत्पन्न हुँदाका समय, घटनाको आवृत्ति र घटना प्रस्तुत गर्दा लेखकले प्रयोग गरेको काल (टेन्स) का आधारमा समाख्यानात्मक कालबारे अध्ययन गर्न सकिन्छ । समाख्यानात्मक कालको अध्ययनबाट कथाको शैलीगत संरचना पत्ता लगाउन सकिने, पाठकमा कौतुहलता र प्रभावोत्पादकता बढाउन लेखकले गरेका कार्य पत्ता लाग्ने, कथामार्फत् लेखकले प्रस्तुत गर्न खोजेका कुराहरू उजागर हुने भएकाले कुनै पनि आख्यानको समाख्यानात्मक कालको अध्ययन गर्नु प्राज्ञिक कार्य हो । यस सन्दर्भमा नेपाली आख्यान साहित्यमा स्थापित भइसकेकी बेन्जु शर्माका आख्यानको समाख्यानशास्त्रीय अध्ययन गर्नु पनि प्राज्ञिक कार्य ठहर्छ । शर्माले लेखेका आख्यानको हालसम्म समाख्यानात्मक कालका आधारमा अध्ययन नभएकाले यस क्षेत्रमा प्राज्ञिक रिक्तता देखिन्छ । यसै रिक्तताको परिपूर्तिका लागि यो अनुसन्धानात्मक लेख तयार पारिएको हो । उक्त लेखमा बेन्जु शर्माद्वारा लिखित 'परिभाषित प्रेम' कथामा समाख्यानात्मक कालको अध्ययन गरिएको छ ।

## २. समस्याकथन र उद्देश्य

प्रस्तुत लेखमा 'परिभाषित प्रेम' कथामा प्रयुक्त समाख्यानात्मक काल व्यवस्थाको अध्ययनसँग सम्बद्ध समस्याको समाधानका निम्ति निम्नलिखित शोधप्रश्नहरू निर्धारण गरिएको छ ।

क. परिभाषित प्रेम कथामा घटना काल र समाख्यायित काल के कसरी प्रस्तुत भएका छन् ?
ख. परिभाषित प्रेममा प्रस्तुत समाख्यानात्मक क्रमभङ्गता (एनाक्रोनिक्स) ले कथाको प्रभावकारितामा के कस्तो भूमिका निर्वाह गरेको छ ?

## ३. अध्ययनविधि

प्रस्तुत लेख बेन्जु शर्माद्वारा लिखित 'परिभाषित प्रेम' कथाको समाख्यानात्मक कालको अध्ययनमा केन्द्रित भएकाले जेरार्ड जेनेटको *न्यारेटिभ डिस्कोर्स : एन एस्से अन मेथड*मा प्रस्तुत समाख्यानात्मक कालसम्बन्धी अंश, जेनेटको समाख्यानात्मक कालसम्बन्धी मतका व्याख्याता जोस एन्जेल गार्सिया ल्यान्डाको 'टाइम स्ट्रक्चर इन द स्टोरी' लेख, देवी गौतमको 'आख्यानमा काल व्यवस्था' लेख, समाख्यानात्मक कालसम्बन्धी केही अनलाइन साइटबाट समाख्यानात्मक कालसम्बन्धी सैद्धान्तिक आधारका अंशहरू र बेन्जु शर्माले लेखेको 'पारिभाषिक प्रेम' कथालाई सामग्रीका रूपमा उपयोग गरिएको छ । यीमध्ये 'पारिभाषिक प्रेम' कथा प्राथमिक सामग्री हो भने अन्य सामग्रीहरू द्वितीयक हुन् । यी सबै सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ । सूक्ष्म पाठविश्लेषण विधिको प्रयोग गरी प्राप्त सामग्रीको अध्ययन गरिएको छ ।

## ४. कृति विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत लेखमा कृति विश्लेषणको सैद्धान्तिक आधार समाख्यानशास्त्रअन्तर्गतको समाख्यानमा काल व्यवस्थासम्बन्धी सैद्धान्तिक मान्यता हो । साहित्य भाषामा व्यक्त हुने र भाषामा हुने कालव्यवस्थाले कुनै समयको जनाउ दिने हुँदा समाख्यानमा पनि स्वतः काल व्यवस्था रहेको हुन्छ । समाख्यानमा दोहोरो किसिमले कालिक क्रम रहेको हुन्छ । एउटा घटना काल र अर्को समाख्यायित काल । यस द्वैधतालाई जर्मनेलीहरूले कथाकाल (स्टोरी टाइम) र समाख्यान काल (न्यारेटिभ टाइम) भनेका छन् (जेनेट, सन् १९८०, पृ.२५) ।

### ४.१ घटना काल (स्टोरी टाइम)

समाख्यानमा आउने घटना शृत्तलाले कथामा पार गरेको समयको लम्बाइ वा घटना शृत्तलाले समेटेको मुख्य समयावधि घटना काल हो । समाख्यानमा मुख्य गरी घटनाको प्रस्तुति हुन्छ । ती घटनाको समुच्चय नै फेबुला हो । यसर्थ घटना काललाई फेबुला काल (फेबुला टाइम) पनि भनिन्छ (गार्सिया ल्यान्डा, सन् २०१७, पृ.३) । घटना काल समाख्यानमा आउने घटना, पात्र, परिवेश आदिको कालसितको सम्बद्धताको समुच्चय हो । जर्मनेली सिद्धान्तकारले यसलाई नै कथा काल (स्टोरी टाइम) भनेका छन् । फेबुला बहुआयामिक हुन्छ । यसमा विषयगत काल (सब्जेक्टिभ वा रियल टाइम) र वस्तुगत (अब्टेक्टिभ टाइम) । विषयगत काल पात्रका मस्तिष्कमा घट्ने घटनासित सम्बन्धित छन् । पात्रका अनुभूति, अन्तर्द्वन्द्व, सोचाइ, विचार, पूर्वानुमान आदि जतिबेला आएको आख्यानमा देखाइन्छ, ती मस्तिष्कमा आउने समय नै विषयगत काल हो । वस्तुगत काल कथानकमा आउने घटनाको कालक्रमिक पूर्वापर सम्बन्धयुक्त शृङ्खला हो । यी दुवैको मिश्रण घटना काल हो (गार्सिया ल्यान्डा, सन् २०१७, पृ.३) । त्यसैले यो प्रस्तुत भइसकेको समय हो । अवस्था र अवधि जस्ता सामयिक आयामबाट यो ज्ञात हुन्छ । त्यसैले यसलाई प्रस्तुत भएको (रिप्रेजेन्टेड) काल

अर्थात् सङ्केतक काल पनि भनिन्छ । आख्यानमा आउने घटना कालले आख्यानको लम्बाइ कति हुने भन्ने सम्बन्धमा भूमिका खेल्छ । आख्यानको शैलीगत संरचना कस्तो हुने भन्ने सन्दर्भमा पनि घटना कालको महत्त्व रहन्छ ।

## ४.२ समाख्यायित काल (न्यारेटेड टाइम)

समाख्यायित काल पाठ पठनका क्रममा पाठकले अनुभव गर्ने समय हो । यो समाख्याताका कार्यसित बढी निकट हुन्छ । यसलाई सङ्कथन काल (डिस्कोर्स टाइम), कथा काल (स्टोरी टाइम), समाख्यान काल (न्यारेटिभ टाइम) पनि भनेको पाइन्छ । यो सङ्कथनका तहमा फैलेको हुन्छ । यसैले सामान्यतया घटना कालभन्दा व्यापक हुन्छ । समाख्यायित काल पाठमा भाषिक चिह्नलाई साधन बनाएर प्रस्तुत हुन्छ अर्थात् आख्यानमा वाक्यको काल (टेन्स) जनाउने शब्दद्वारा ज्ञात हुन्छ । पठनका क्रममा अनुभूत हुने समयको लम्बाइबाट पनि हुन्छ । त्यसैले यसलाई प्रस्तुतीकरणको (रिप्रेजेन्टेसनल) अर्थात् सङ्केतित काल पनि भनिन्छ । यसले आख्यानमा आउने मुख्य घटनाबाहेकका संस्मरण, विगत, आदिसित जोडिएको अवधिलाई समेत समेट्छ । समाख्यानात्मक काल दुई छन् : समाख्यानात्मक भूत र समाख्यानात्मक अभूत । घटनाबोधक क्रिया भूतकालमा छ भने समाख्यानात्मक काल भूत र अभूत कालमा छ भने समाख्यानात्मक काल अभूत नै हुन्छ (गौतम, २०६६) । समाख्यानमा समय तीन किसिमले प्रस्तुत भएका हुन्छन् : सुनिश्चित र सापेक्षिक (जस्तै एक वर्ष, एक वर्षपछि आदि), समयावधिको किटान गरिएका (जस्तै : हामीले पाँच मिनेट कुरा गर्‍यौँ) र कुनै समयको जनाउ नभएका तर घटनाको अवस्था प्रकृतिअनुसार थाहा पाइने गरी ।

कुनै कथामा यी दुई काल छुट्याउनै नसकिने गरी प्रस्तुत भएका हुन्छन् । कुनै कथामा घटना कालले भन्दा समाख्यानात्मक कालले ज्यादा समयावधि समेटेको हुन्छ । कहिले समाख्यान काल अघि बढिरहँदा घटना कालले त्यसलाई अतिक्रमण गरेर आफ्नो उपस्थिति जनाएको हुन सक्छ । यस्ता कालगत अवस्थाले कथाको संरचनामा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । कुनै कथा रैखिक, वृत्ताकारीय वा मिश्रितमध्ये कस्तो संरचनाको हुने भन्ने कुरा समाख्यानात्मक कालमा भर पर्छ ।

समाख्यानमा घटनाक्रम क्रमिक रूपले अघि बढेका हुन सक्छन् र क्रमिक रूपमा अघि नबढेका पनि हुन सक्छन् । घटनाहरू क्रमिक रूपमा अघि बढेका छन् भने त्यसलाई प्राकृतिक क्रम भनिन्छ । साहित्यिक पाठमा प्राकृतिक क्रममा मात्र घटनाहरू प्रस्तुत भएका हुँदैनन् । त्यहाँ पात्रहरूका विगतका पूर्वस्मरण पनि आउन सक्छन् अथवा पात्रहरूले पछि हुन सक्ने (सम्भावित) घटनाको पूर्वकल्पना पनि गरेका हुन सक्छन् । यस्तो अवस्थामा घटनाको प्राकृतिक क्रम भङ्ग हुन्छ । प्राकृतिक क्रम भङ्ग भई कथामा प्रस्तुत घटनाको क्रम (अर्डर अफ इभेन्ट इन स्टोरी) र कथानकमा ती घटनाको प्रस्तुतिको क्रमका बीच तालमेल नहुनुलाई असङ्गति (एनाक्रोनिक्स) भनिन्छ । साहित्यमा असङ्गति (क्रमभङ्गता) सामान्य मानिन्छ । असङ्गतिले पाठमा विशिष्ट साहित्यिकता प्रदान गरेको हुन्छ । त्यस्ता असङ्गतिहरू कि त पूर्वस्मृति कि त पश्चस्मृति हुन्छन् । प्राकृतिक क्रम भएका आख्यानमा घटना काल

र समाख्यायित काल सँगसँगै अघि बढेका हुन्छन् तर असङ्गति (क्रमभङ्ग) भएका आख्यानमा घटना काल र समाख्यायित काल छुट्टाछुट्टै देखापर्छन् । प्राकृतिक क्रम भएका आख्यानको पठनमा पाठकमा यसपछि के होला भन्ने कौतुहलता जाग्दै र त्यसको शमन हुँदै पाठ अघि बढ्छ । त्यसैले त्यस्ता कथाको शैलीगत संरचना रैखिक हुन्छ भने असङ्गति भएका आख्यानमा पाठकले कौतुहलतासँगै पूर्वउल्लिखित घटनाका प्रभावतिर पनि सोच्नुपर्ने हुन्छ । यस्ता आख्यानको सङ्कथनले समेट्ने क्षेत्र विस्तृत हुन्छ । त्यस्ता आख्यानमा असङ्गतिका माध्यमबाट पात्र र समाख्याताका विचार, घटनाका कारक, परिवेश आदिबारे पाठकले जानकारी प्राप्त गर्दछ । यसले कथालाई वृत्ताकारीय शैली प्रदान गर्दछ ।

कुनै समाख्यानमा घटना काल कसरी प्रस्तुत भएको छ ? समाख्यायित काल कसरी प्रस्तुत भएको छ ? कुनै घटना कहिले भएको हो ? कति समयसम्म भएको हो ? कतिपल्ट भएको हो ? समाख्यानमा क्रमको अवस्था के छ ? आख्यानमा पूर्वस्मृति र पश्चस्मृति आएका छन् कि ? भन्ने कुराबाट समाख्यानात्मक काल पत्ता लगाउन सकिने र उक्त समाख्यानमा कालको भूमिकाबारे निष्कर्ष दिन सकिने हुनाले समाख्यानात्मक कालको अध्ययनमा यिनै कुरालाई केन्द्रमा राखिन्छ । आख्यानमा प्रयुक्त कालले नै कथालाई रैखिक, वृत्ताकारीय वा मिश्रितमध्ये कुनै एक संरचना प्रदान गर्दछ साथै कथाको आयाम निर्क्योल गर्दछ । पाठकीय कौतुहलता, उत्प्रेरणा, प्रभावोत्पादकता, आस्वादन पनि यसमै भर पर्ने हुनाले समाख्यानात्मक कालको अध्ययन गर्नु आवश्यक छ । प्रस्तुत अध्ययनपत्रमा पनि 'परिभाषित प्रेम' कथाको समाख्यानात्मक काल पत्ता लगाउन यिनै कुरालाई आधार बनाइएको छ ।

## ५. परिभाषित प्रेम कथामा समाख्यानात्मक काल

परिभाषित प्रेम कथा जम्मा एक सय दस अनुच्छेदमा संरचित छ । कतिपय अनुच्छेद संवादात्मक छन् तापनि प्रत्येक संवादलाई एक अनुच्छेदका रूपमा यहाँ गणना गरिएको छ । कथामा प्रस्तुत समाख्यानात्मक कालबारे अध्ययन गर्न घटना काल र समाख्यायित कालको अध्ययन गरिएको छ ।

### ५.१ परिभाषित प्रेम कथामा घटना काल (फेबुला टाइम)

परिभाषित प्रेम कथामा प्रस्तुत घटनाको सुरूआत उनी अर्थात् उर्मिला पात्र मनमा प्रशस्त अन्तर्द्वन्द्व बोक्दै घरतिर फर्किइरहेको घटनाबाट भएको छ । कथामा बाहिरी परिवेशको द्वन्द्व, उसको विगतका घटनाको प्रस्तुति अघिल्लो दिनका घटना, उर्मिलाको मनको अन्तर्द्वन्द्व, छोरीलाई बिहाका लागि हेर्न आउने केटाको स्वागतको तयारी, तयारी गर्दागर्दै छोरी हुर्काउन उर्मिलाले गरेको सङ्घर्ष स्मरण गर्नु, केटाले केटी मन पराए/नपराएकोबारे कुराकानी, जीवनसाथीबारे उर्मिलाका धारणा, रेस्टुराँमा जाँदाका अनुभूति, केटासित कुरा प्रारम्भ हुँदाका असजिला, केटाको प्रेमप्रस्ताव साँचो हो या परीक्षा मात्र भन्ने उर्मिलाको मनको द्विविधा घटना काल भित्रका विषय हुन् । यी कुरा पात्रका मनमा घट्दा या परिवेशमा घटित हुँदाको समय नै यस कथाको विषयगत काल हो ।

उर्मिला रेस्टुराँबाट अन्तर्द्वन्द्वमा पर्दै फर्किनु, बाटामा साथी भेटिनु तर उसलाई बोल्न मन नलाग्नु र छोटा उत्तर दिएर साथीलाई पन्छाउनु, घर पुगेर ओछ्यानमा लड्नु र छोरीलाई खाना खान मन नलागेको बताउनु, उर्मिलाले छोरी हेर्न आउनेको स्वागतको तयारी गर्नु, छोरीलाई तयार हुन निर्देशन दिनु आफू तयार हुनु, केटी हेर्न आमालाई लिएर केटो आउनु, अनौपचारिक कुराकानी र सत्कार हुनु, भोलिपर्सितिर फोन गर्ने भनी केटा फर्किनु, भोलिपल्ट बिहान साँझ भेटौँ भन्दै केटाले उर्मिलालाई फोन गर्नु, उर्मिलाले केटालाई रेस्टुरेन्टमा भेट्नु, केटाले उनीसित आफ्नो अप्रत्यक्ष पूर्वपरिचय भएको बताएर उनलाई नै विवाहको प्रस्ताव राख्नु, उर्मिलाले कडा प्रतिकार गर्नु, केटाले आफू पर्खन तयार भएको र प्रशस्त सोचेर जवाफ दिन उर्मिलालाई अनुरोध गर्नु, घर पुगेर केटाको मन बुझ्न फोन गर्नु, केटाले आफ्नी जीवनसाथीबाट शारीरिकभन्दा मानसिक सन्तुष्टि खोजेको बताउनु र पुनः सोचेर जवाफ दिन अनुरोध गर्नु, छोरीले खाना तयार भएको सूचना दिनु र उर्मिलाले खान आउँछु भन्नु जस्ता घटना यस कथाको घटना कालका वस्तु हुन् । यी घटना दुई दिनको अवधिमा घटेको देखिन्छ । पहिलो दिन रेस्टुराँबाट निस्केर उर्मिला घरमा पुगेपछिको घटनापछि कुनै सङ्केतविना नै अघिल्लो दिनका घटना कथामा प्रस्तुत भएका छन् । यसबाट घटना कालको अवधि दुई दिनको देखिन्छ ।

कथामा प्रस्तुत विषयगत काल र वस्तुगत कालले कथाको आख्यानको एउटा अस्थायी शृत्ला बनाएका छन् । कथाको फैलावटमा यी घटनाले महत्त्वपूर्ण भूमिका खेलेका छन् । विवेचित कथा मध्यम आयामको हुनुमा घटना कालको प्रमुख भूमिका रहेको छ । विवेचित कथामा घटना काल दुई दिनको रहेको छ । यी दुई दिनमा उर्मिला पात्रको जीवनमा घटेको अप्रत्यासित र अकल्पनीय घटनालाई प्रस्तुत गरी नेपाली समाजमा एउटी एकल महिलाले एउटी छोरी हुर्काउँदै सहरमा सङ्घर्ष गरी अस्तित्व राख्दै गर्दा देख्ने र सुन्नेको मनमा ऊप्रति कस्तो धारणा बसेको हुन्छ भन्ने सामाजिक यथार्थ प्रकट भएको छ । यसै गरी प्रेम सदैव खास उमेर समूहका केटा र केटीका बीचमा मात्रै हुँदैन, यो सार्वजनीन अनुभूति हो, कतिपयले प्रेम शारीरिक सन्तुष्टिका लागि मात्र नभई मानसिक सन्तुष्टिका लागि गरेका हुन्छन् भन्ने फरक सन्दर्भ, प्रेम, जीवन र सङ्घर्षका फरक सामाजिक यथार्थ एवं मानिसको जीवनमा कहिलेकाहीँ नसोचेका घटना र कुराको सामना गर्नुपर्ने हुन्छ भन्ने आशयहरू उजागर भएका छन् । घटना कालले यस कथाका पाठकमा कौतुहलता सिर्जना गरी कथाको आस्वादन र प्रभावोत्पादकता बढाएको छ ।

## ५.२ परिभाषित प्रेम कथामा समाख्यायित काल (न्यारेटेड टाइम)

कथाको प्रारम्भमा *रेस्टोराँबाट सडकमा आइपुग्दा छिटफुट पानी र अलिअलि हावा चलेको थियो तर पनि गर्मी हप्प नै थियो* (शर्मा, २०७२, पृ.६५) भन्ने भूतकाल जनाउने वाक्य प्रस्तुत छ । यो वाक्य यस कथाको समाख्यानात्मक क्रम बुझाउने पहिलो वाक्य हो । पहिलो अनुच्छेदका सबै वाक्यमा भूतकालिक क्रिया प्रयोग भएका छन् । ती वाक्यबाट पानी पर्ने डरले छिटोछिटो हिँडिरहेको उर्मिलाको अवस्था प्रस्तुत भएको छ ।

दोस्रो अनुच्छेदको पहिलो वाक्यमा पनि भूतकालिक क्रिया नै प्रयोग भएको छ । दोस्रो वाक्य वर्तमान कालमा प्रस्तुत छ । *उनलाई लाग्छ उनको जन्म नै विपरीत परिस्थिति भोग्न भएजस्तो, ... परिरहेछ । उल्टो बुनिएको जीवनलाई सुल्ट्याउँदैमा जिन्दगीको आधा उमेर बितिसकेको छ* (शर्मा, २०७२, पृ.६५) भन्ने वाक्यमा प्रयुक्त 'लाग्छ', 'बितिसकेको छ' जस्ता क्रियापदले पनि उर्मिलाको अर्थात् पात्रको स्थितिबोध गराएका छन् । वर्तमान काल जनाउने क्रियापद आए पनि यी वाक्यमा आएको विषय भने उर्मिलाको विगत हो । यसर्थ दोस्रो अनुच्छेदले वर्तमान स्थितिको कारक परिवेशलाई जनाएको छ । यसले फेबुला काल अर्थात् घटना काललाई छोट्याएर समाख्यायित काललाई विस्तृत बनाएको छ । उर्मिला जन्मनासाथ आमा बितेकोदेखि चालिस वर्षको उमेरमा छोरीको बिहाका लागि कुरा चलाएको केटाले आफैँलाई बिहाको प्रस्ताव राखेको सम्ममा उसले भोगेका विषम परिस्थितिको वर्णनले समाख्यायित काल लम्बिएको हो । यस अनुच्छेदको विषयले उर्मिलाको जीवनमा आएका विसङ्गत परिस्थितिलाई अग्रभूमीकरण गरेको छ । यस अनुच्छेदमा प्रस्तुत घटनाहरू समाख्यानात्मक क्रम होइनन् । यस विषयले समाख्यानात्मक क्रमलाई भङ्ग गरेको छ ।

तेस्रो, चौथो, पाँचौ, छैटौँ, सातौँ, आठौँ र नवौँ अनुच्छेदका सुरूका दुई वाक्यमा उर्मिलाकी साथी बिना बाटामा भेटिएकी र उनीसित बोल्न उर्मिलालाई मन नलागेको कुरा आएको छ । यी घटनाले पनि उर्मिलाको मनोदशालाई नै थप उजागर गरेकाले समाख्यानात्मक क्रम अघि बढेको छैन । दसौँ, एघारौँ, बाह्रौँ, तेह्रौँ, चौधौँ, पन्ध्रौँ, सोह्रौँ, सत्रौँ, अठारौँ, उन्नाइसौँ अनुच्छेदमा उर्मिलालाई छोरीले कुरा के भयो भनी सोधेको र उर्मिलाले आफू कतै नगएको, टाउको दुखेकाले खान मन पनि नलागेको बताएको कुरा समाख्यानात्मक क्रम बनेर प्रस्तुत भएका छन् । पहिलो अनुच्छेदको पहिलो वाक्यमा सुरू भएपछि रोकिएको समाख्यानात्मक क्रम नवौँ अनुच्छेदको तेस्रो वाक्यमा आएर जोडिएको छ । तेस्रो अनुच्छेददेखि उन्नाइसौँ अनुच्छेदसम्मका सबै वाक्यहरू वर्तमान कालमै प्रस्तुत छन् । यसले कथामा दृश्यात्मकता र प्रभावकारिता प्रस्तुत गरेको छ । यी सबैजसो वाक्यले पात्रका मनोदशा र क्षणलाई देखाएका कारण कथामा सङ्कथनको अवधि अघि बढेको छैन । यसपछि कथामा अघिल्लो दिनका क्रियाकलापको प्रस्तुति छ । कथामा ती घटना अघिल्ला दिनका हुन् भनिएको छैन । पाठकले पठनका क्रममा घटनाबाट अघिल्लो दिन घटेका घटना हुन् भन्ने थाहा पाउँछ ।

बिसौँ, एक्काइसौँ, बाइसौँ, तेइसौँ, चौबिसौँ अनुच्छेदमा उर्मिलाले आफ्नी छोरीलाई हेर्न आउने केटाको सकारात्मक प्रभाव छोरी, आफू र घरप्रति परोस् भन्ने चाहनाले सक्दो सरसफाइ गरेको र उनीहरूको स्वागत सत्कारका लागि खाजा मिठाइ तयार पारेको कुराको प्रस्तुति गरिएको छ । बिसौँ अनुच्छेददेखि अघिल्लो दिनका घटना आएकाले समाख्यानात्मक क्रम फेरि रोकिएको छ । यसले समाख्यानात्मक क्रममा असङ्गति पैदा गरेको छ ।

पच्चिसौँ, छब्बिसौँ, सत्ताइसौँ र अट्ठाइसौँ अनुच्छेदमा उर्मिलाले छोरीलाई शृङ्गार गर्न लगाएका कुरा छन् । उनन्तिसौँ र तिसौँ अनुच्छेदमा उपयुक्त जीवनसाथीको महत्त्वलाई उर्मिलाका सोचाइमार्फत्

व्यक्त गरिएको छ । अहिले छोरीका लागि हेर्न आउने केटो छोरीका लागि किन उपयुक्त छ भन्ने कुराका साथै आफूले छोरीकै लागि गरेका सङ्घर्ष आदि यसका विषय हुन् । यी सबै कुरा उर्मिलाका मनमै घटित भएकाले यिनले समाख्यानात्मक क्रमलाई बाधा पुऱ्याएका छन् । यद्यपि, यिनले सङ्कथनलाई भने अगाडि बढाएका छन् । यी अनुच्छेदमा वर्तमान कालबोधक वाक्यहरू प्रयोग भएका छन् । एकतिसौँ अनुच्छेददेखि एकचालिसौँ अनुच्छेदसम्म पनि केटी हेर्न आउने कुराकै तयारीका प्रसङ्ग छन् ।

बयालिसौँ अनुच्छेदमा केटो आइपुगेको, अनौपचारिक कुरा भएका, स्वागत सत्कार भएको र फर्कने बेलामा उर्मिलाले सम्पर्क नम्बर दिन लगाएको कुरा प्रस्तुत छ । यो घटना अर्को समाख्यानात्मक क्रम हो । कथाको प्रारम्भमा देखाइएको समाख्यानात्मक क्रमसित तालमेल छैन ।

त्रिचालिसौँ अनुच्छेददेखि उनन्पचासौँ अनुच्छेदसम्म केटाले उर्मिलाकी छोरीलाई मन पराएको/नपराएकोबारे कुरा, दुईबीच उमेरको अन्तरका कुरा, केटाले फोन गर्ला कि नगर्ला भन्ने अनुमानका कुरा छन् । त्रिचालिसौँ अनुच्छेदको 'गर्नेछौँ' क्रियापदले दुई दिनपछि केटाले निर्णय दिन फोन गर्ने पूर्वसूचना दिएको छ भने 'गर्नुपर्ला' क्रियापदले बिहाबारे केटाले पनि घरपरिवारबीच छलफल गर्नु आवश्यक रहेको उर्मिलाको निष्कर्ष छ । चौवालिसौँ अनुच्छेदमा पनि 'देखिनेछैन' भन्ने भविष्यत्काल जनाउने क्रियापद प्रयुक्त छ । यसले केटा र केटीबीचको अन्तर समय बित्दै जाँदा त्यति फरक नदेखिने कुराको घोषणा प्रस्तुत गरेको छ । पचासौँ अनुच्छेदमा लोग्नेमान्छेसितका उर्मिलाको सामीप्यताका प्रसङ्ग छन् । यसले लोग्नेमान्छेप्रतिको उनका दृष्टिकोणलाई प्रस्तुत गर्छ । यी कुराले पनि सङ्कथनलाई मात्र अगाडि बढाएका र समाख्यानात्मक क्रमलाई बाधा पुऱ्याएका छन् ।

एकाउन्नौँ अनुच्छेददेखि चौवन्नौँ अनुच्छेदसम्म उमेश (छोरीको बिहाका लागि कुरा गरिएको केटा) ले बिहानै उर्मिलालाई फोन गरेर साँझ होटलमा भेट्न बोलाएको घटना छ । पचपन्नौँ अनुच्छेदमा केटाले होटलमा भेट्न बोलाएकामा अनौठो मान्दै उमेशलाई भेट्न गएको प्रसङ्ग छ । बयालिसौँ अनुच्छेदमा सुरू भएको समाख्यानात्मक क्रम यहाँ पुनः जोडिएको छ । केटाले उर्मिलालाई भेट्नका लागि फोन गर्नु र उर्मिला भेट्न जानु समाख्यानात्मक क्रम हुन् ।

सन्ताउन्नौँ, अन्ठाउन्नौँ, उनान्साठिऔँ, साठिऔँ र एकसट्ठिऔँ अनुच्छेदमा कुरा कसरी सुरू गर्ने भनी दुवै अलमलिएको विषयको प्रस्तुति छ । कुनै घटना अघि नबढेकाले समाख्यानात्मक क्रमभङ्ग भएको छ । एकसट्ठिऔँ अनुच्छेदको अन्त्यमा उर्मिलाले उमेशसित बिहाबारे उसकी आमाको विचार सोधेर समाख्यानात्मक क्रम अघि बढेको छ । उमेशले आफ्नी आमा पुरानो विचारकी भएको जवाफ दिएपछि जवाफ बुझ्न नसकेर उर्मिला अलमलिएकी छ । यसले पुनः समाख्यान क्रममा असङ्गति पैदा गरेको छ । त्रिसट्ठिऔँ, चौँसट्ठिऔँ, पैँसट्ठिऔँ, छैँसट्ठिऔँ, सतसट्ठिऔँ अनुच्छेदसम्म कुराकानीको अलमल नै छ । पचपन्नौँ अनुच्छेददेखि सतसट्ठिऔँ अनुच्छेदसम्मका सबै वाक्यहरू वर्तमान कालमा नै प्रस्तुत

गरिएका छन् । यसले कथामा दृश्यात्मकता र स्थितिबोध दुवै पैदा गरेको छ । दुई पात्रबीच भएको कुराकानीको अलमलले समाख्यानमा कौतुहलता सिर्जना भएको छ ।

अठसट्ठिऔँ अनुच्छेदमा उर्मिलाले खुलस्तसँग कुरा गर्न आग्रह गरेपछि उमेशले पहिलेदेखि नै उनलाई चिनेको र उनीबाट प्रभावित भएको बताएको छ । उमेशले उर्मिलालाई श्रीमान् बितेपछि दोस्रो विवाह नगर्नाको कारण सोधेको छ । उर्मिलाले आफूलाई त्यसबारे सोच्ने फुर्सद नमिलेको बताएपछि उमेशले अब त्यसबारे सोच्दा हुने बताएको छ । उर्मिलाले छोरीका बारेमा भनेको या मेरो भनेर स्पष्टता माग गरेपछि उमेशले उनकै बारेमा हो भन्ने उत्तर दिएको छ । यी कुराकानी उनन्सत्तरीदेखि एकासी अनुच्छेदसम्ममा प्रस्तुत भएका छन् । उर्मिलाले आफूले उमेशका कुरा राम्ररी नबुझेको बताएपछि उमेशले उर्मिलालाई त्यही कुरा बताउन बोलाएको कुरा प्रस्तुत गरेको छ । उर्मिलाले आफू चालिस कटिसकेको बताउँदा केटाले आफू आठ वर्ष मात्र कान्छो भएको र उमेरलाई बाधाका रूपमा नल्याउन अनुरोध गर्छ । उर्मिलाले असम्भव कुरामा उमेशले दिमाग खर्च गरेको बताउँदा केटाले उनलाई अन्तरात्मादेखि नै चाहेको बताउँछ । उर्मिलाले आफू त्यो कुरा सुन्नका लागि नआएको भनी उठ्न लाग्दा केटाले शीतल हृदयले सोचेर आफूलाई जवाफ दिन आग्रह गरेको छ । यी घटनाहरू समाख्यान क्रम हुन् । बयासिऔँ अनुच्छेददेखि नब्बेऔँ अनुच्छेदसम्म यी घटना घटित छन् । यी घटना नै यस कथाका प्रमुख घटना हुन् । पहिलो अनुच्छेदमा प्रवेश गराइएको समाख्यानात्मक क्रम यहाँ जोडिएको छ । बीचमा आएका समाख्यानात्मक क्रमको यहाँ अन्त्य भएको छ । तीनले यहाँसम्मको घटनाक्रम विकासका लागि सहयोगी भूमिका खेलेका छन् ।

उर्मिला र उमेशबीचको कुराकानीले उर्मिलाको उत्तर के होला भनी कौतुहलता सिर्जना गरेको छ । यी सबै कुराकानी वर्तमान काल जनाउने वाक्यमा प्रस्तुत भएकाले आख्यानमा स्थितिबोध र दृश्यात्मकता प्रभावकारी रूपमा प्रस्तुत भएको छ ।

एकानब्बेऔँ, बयानब्बेऔँ, त्रियानब्बेऔँ र चौरानब्बेऔँ परिच्छेदमा उर्मिलाले प्रतिवाद गरेकी र केटो आफ्नो कुरामा अडिग रहेको कुरा संवादात्मक तरिकाले नै प्रस्तुत भएका छन् । यी संवादले पनि समाख्यानात्मक क्रममा गतिरोध ल्याएका छन् ।

पञ्चानब्बेऔँ अनुच्छेदमा उर्मिला रन्थनिएर रेस्टुराँबाट बाहिर निस्केको घटना छ । केटाको प्रस्ताव ठिक हो या बेठिक भन्ने दोधारमै उर्मिला हिँडेकी छ । छयानब्बेऔँ अनुच्छेदमा आफूले त्यस केटासँग बिहा गरेमा उमेरकै कारण समय बित्दै जाँदा मन टाढिने सम्भावना ज्यादा भएको उर्मिलाको निष्कर्ष छ । यसले उमेशसित बिहा नगर्ने भन्ने तर्कबाट उर्मिला बिहा गर्दा के हुने भन्ने विचारतिर ढल्किएको देखाएको छ । सन्तानब्बेऔँ अनुच्छेदमा त झन् आफूलाई उसले साँच्चिकै मन पराउँछ कि भनेर उर्मिलाले सोच्न पुगेको देखाइएको छ । अन्ठानब्बेऔँ अनुच्छेदमा कथामा नयाँ घटनाको क्रम विकसित हुन सक्ने अवस्था भए पनि समाख्यानात्मक क्रम भने अगाडि बढेको छैन । उर्मिलाको

सोचाइका कुरा नै यी अनुच्छेदमा आएकाले यी विषयले पनि समाख्यानात्मक क्रमलाई अघि बढाएका छैनन् । पञ्चानब्बेऔँ अनुच्छेदमा *बीस वर्षअघि कसैको यस्तो प्रस्ताव भए सोच्नुपर्ने हुन्थ्यो* भन्ने एउटा भूतकालिक वाक्य भए पनि अठसट्ठिऔँ अनुच्छेददेखि पञ्चानब्बेऔँ अनुच्छेदसम्मका बाँकी सबै अनुच्छेद वर्तमान काल जनाउने नै छन् । सन्तानब्बेऔँ अनुच्छेदको एउटा वाक्यमा पनि 'थिइनन्' भन्ने भूतकालिक क्रियापदको प्रयोग भएको छ । यसले उर्मिलाको सोचाइलाई व्यक्त गरेको छ ।

अन्ठानब्बेऔँ अनुच्छेदमा साँझ घर फर्केर केहीबेर सोचेपछि (पाठकको कल्पना मात्र) केटाको मन परिवर्तन भयो कि भएन भनेर बुझ्न उर्मिलाले उमेशलाई फोन गर्न आँटेको, उनान्सयौँ अनुच्छेदमा फोन गरेको, सयौँ अनुच्छेदमा उमेशले फोन उठाएको, एक सय एकौँ अनुच्छेदमा उमेशले मन परिवर्तन गरेनगरेको कुरा उर्मिलाले सोधेको घटना प्रस्तुत छ । एक सय द्वयौँ अनुच्छेदमा उर्मिलाको फोन आउनेमा (उर्मिलाले आफ्नो प्रस्ताव स्विकार्नेमा) आफू ढुक्क रहेको कुरा उमेशले बताएपछि उर्मिलाले त्यसका लागि नभई सोचाइ बदलेनबदलेको बुझ्न मात्र आफूले फोन गरेको बताएकी छ । केटाले आफूले जीवनसाथीबाट शारीरिक सुखभन्दा पनि मानसिक सन्तुष्टि चाहेको, आफ्नो प्रेमको परिभाषा नै फराकिलो रहेको, त्यसमा उमेरको बाधा नल्याउन अनुरोध गरेको छ । यसपछि पनि उमेशले आफू आफ्नो सोचाइमा दृढ रहेको बताउँदै उर्मिलालाई पनि केही बोल्न आग्रह गरेको छ । आफूलाई के भन्नुपर्ने हो भनी केटालाई नै उर्मिलाले प्रतिप्रश्न गरेपछि उमेशले सोच्नका लागि उर्मिलासित जति पनि समय रहेको र निर्णय गरेपछि फोन गर्न अनुरोध गरी कुराकानी टुङ्ग्याएको छ । उनान्सयौँ अनुच्छेददेखि एक सय आठौँ अनुच्छेदसम्मका घटना समाख्यानात्मक क्रम हुन् ।

सन्तानब्बेऔँ अनुच्छेदको एक वाक्यमा बाहेक अन्य सबै वाक्य वर्तमान कालमा नै प्रस्तुत छन् । यसले कथालाई सजीव तुल्याएका छन् । पाठकमा प्रभाव छोड्न सफल छन् । एक सय नवौँ अनुच्छेदमा छोरीले खाना तयार भएको सूचना दिएकी छ । एक सय दसौँ अनुच्छेदमा उर्मिलाले खाना पस्किन अह्राएको घटनासँगै कथा अन्त्य भएको छ ।

कथाको पहिलो अनुच्छेदमा प्रवेश भएको समाख्यानात्मक कमले पञ्चानब्बेऔँ अनुच्छेदबाट मात्र निरन्तरता पाएको छ । पहिलो अनुच्छेदको घटनाको कारण पनि पञ्चानब्बेऔँ अनुच्छेदबाट मात्र ज्ञात हुन्छ । दोस्रो अनुच्छेददेखि बिचबिचमा आउने उर्मिलाका विगतका अनुभव, विचार आदिले समाख्यानको क्रममा असङ्गति ल्याएका छन् । यस कथाको घटनाक्रमलाई हेर्दा त्रिचालिसौँ अनुच्छेदबाट घटना प्रारम्भ हुन्छ । त्यसपछि चौवालिसौँ, एकाउन्नौँ, बाउन्नौँ, त्रिपन्नौँ, चौवन्नौँ, छपन्नौँ, एकसट्ठिऔँ, बयसट्ठिऔँ, त्रिसट्ठिऔँ, अठसट्ठिऔँ, एकहत्तरौँ, बहत्तरौँ, सतहत्तरौँ, अठहत्तरौँ, उनान्असिऔँ, असिऔँदेखि क्रमशः चौरानब्बेऔँसम्मका अनुच्छेद, त्यसपछि पहिलो अनुच्छेद अनि उनान्सयौँदेखि एक सय आठौँ अनुच्छेदमा प्रस्तुत घटना यस कथामा प्रयुक्त समाख्यानात्मक कम हुन् । यीबाहेक अन्य अनुच्छेदमा समाख्यानात्मक क्रमसित सम्बन्धित पात्रका मानसिक संवेग, विचार, अन्तर्द्वन्द्व, विगत, संस्मरण प्रस्तुत भएका छन् । तिनले समाख्यानात्मक क्रममा असङ्गति पैदा गरे

पनि कथाको सौन्दर्यवृद्धि गरेका छन् साथै पात्रका मानसिक उहापोहलाई देखाउने कथाको मूल अभीष्टलाई पूरा गरेका छन् । यिनले नै पात्रको अन्तर्द्वन्द्वको कारण ज्ञात गराएका छन् । प्रमुख पात्रका लोग्नेसम्बन्धी, वैवाहिक जीवनसम्बन्धी धारणा पनि ज्ञात गराएका छन् । दोस्रो अनुच्छेदले उर्मिलाको विसङ्गतिपूर्ण विगतलाई प्रस्तुत गरेको छ । भूतकालका घटना भएकाले 'बितेको थियो', 'गरेको', 'मारिदिएको', 'छोड्नुपरेको', 'पढाउनुपरेको' जस्ता पूर्ण पक्षका असमापक क्रियापदहरूले प्रमुख पात्र उर्मिलाको जीवनका पृष्ठभूमिको प्रस्तुति गरेका छन् । असमापक क्रियाको प्रयोग गरी विगतका प्रमुख घटनाको उल्लेख गरी वर्तमान कालिक समापक क्रिया 'लखेटिरहेको हुन्छ' प्रस्तुत गर्नुले प्रमुख पात्र उर्मिलाको विगत विसङ्गतपूर्ण रहेको र अब आउने घटना पनि विसङ्गत खालको हुने सङ्केत गरी कथाको अग्रभूमीकरण गरिएको छ । कथामा समाख्यानात्मक क्रममा गतिरोध ल्याउने मूल तत्त्व पूर्वस्मृतिका घटनालाई पात्रका माध्यमबाट नभई समाख्याताको वर्णनबाट प्रस्तुत गरिएको छ भने उमेर बढ्दै जाँदा पति र पत्नीका बिचको दसबाह्र वर्ष उमेरको अन्तर पनि खासै देखिनेछैन भन्ने पश्चस्मृति जनाउने घोषणात्मक वाक्य पात्रबाट नै प्रस्तुत भएको छ ।

कथामा पृष्ठभूमिका रूपमा प्रस्तुत गरिएको उर्मिलाको विगतका घटना वर्णनमा भूतकालको प्रयोग गरिएको छ । वर्तमानकै घटनासन्दर्भमा आउने गरी एकदुई वाक्य भविष्यत् काल जनाउने खालका छन् । यीबाहेक समाख्यायित कालमा आउने सम्पूर्ण समाख्यानात्मक क्रम, पात्रका स्थिति, मनोदशा, परिवेश आदि सबैलाई प्रस्तुत गर्न वर्तमान काल नै प्रयोग गरिएको छ । यसर्थ, कथाको पठनमा दृश्यात्मकता उत्पन्न भई कथा प्रभावकारी बनेको छ । कथामा कुनै पनि घटनाको आवृत्ति भएको छैन । यद्यपि प्रमुख पात्र पटकपटक अन्तर्द्वन्द्वमा परेकी छ । केटाले आफ्नी छोरी मन पराउला कि नपराउला भन्ने सन्दर्भमा, कम उमेरका लोग्ने हुँदा समय बित्दै जाँदा पतिपत्नीबीच दुरी बढ्ने या नबढ्ने भन्ने सन्दर्भमा, उमेशले आफूलाई साँच्चै प्रेम गर्छ कि गर्दैन भन्ने सन्दर्भमा अन्तर्द्वन्द्वहरू दोहोरिएका भए पनि त्यसको पृष्ठभूमिका घटनासन्दर्भ फरक भएकाले यस कथामा कुनै पनि घटना, विचार, संस्मरण आदिको आवृत्ति भएको छैन । यसले गर्दा कथाको घटनाकाल छोटो भएको छ । यस कथाको समाख्यान समय हेर्दा समयावधिको किटान गरिएको भने स्पष्ट हुन्छ । उर्मिलाको जीवनका चालिस वर्ष भनिए पनि कति सालदेखि कति सालसम्म भन्ने सुनिश्चित र कुनै घटनाको सापेक्षताबाट समेत घटना घटेको समय एकिन गर्न सकिँदैन । यद्यपि कथाबाट घटना काल कुनै दुई दिन र समाख्यायित काल कुनै चालिस वर्षको बुझिएको छ ।

विवेच्य कथाको समाख्यायित कालका माध्यमबाट प्रमुख पात्रको विगतमार्फत् मानिसको जीवनका विसङ्गत परिस्थितिलाई अग्रभूमीकरण गरी एउटी एकल महिलाले गर्नुपर्ने सङ्घर्षका पाटा उजागर गरिएको छ । यसका माध्यमबाट कथानकका घटनाको सिलसिलामा अवरोध उत्पन्न गरेर पात्रका मनोदशा प्रस्तुत गर्दै कथामा दृश्यात्मकता र प्रभावकारिता उत्पन्न गरिएको छ । घटना कालले उत्पन्न गरेका कौतुहलताको शमन गरी समाख्यायित कालले पाठकमा आत्मसन्तुष्टि प्रदान गरेको छ । घटना कालको बिचबिचमा समाख्यायित कालको उपस्थितिले कथाको संरचनामा रैखिक र

वृत्ताकारीय दुवै पद्धतिको मिश्रण भएको छ । कथाको संरचना मिश्रित खालको हुनुमा समाख्यायित कालको भूमिका रहेको छ ।

## ६. निष्कर्ष

'परिभाषित प्रेम' कथामा उर्मिला पात्रका मनमा उठेका वा मस्तिष्कमा नै घटित भएका अन्तर्द्वन्द्व, विचार, विगत, संस्मरण आदि आउने समय कथाको घटना काल (फेबुला टाइम) का विषयगत काल हुन् । बिहाका लागि उर्मिलाकी छोरीलाई हेर्न केटा (उमेश) आएको र त्यसको भोलिपल्ट उमेशले उर्मिलालाई रेस्टुराँमा भेटेर उनलाई नै विवाहको प्रस्ताव राखेको समयावधि यस कथाको घटना कालका वस्तुगत काल हुन् । यसर्थ यस कथामा घटना कालको अवधि दुई दिनको मात्र छ । यो नै कथामा प्रस्तुत भएको काल (रिप्रेजेन्टेड टाइम) हो ।

प्रस्तुत कथाको समाख्यायित कालको अवधि चालिस वर्ष हो । कथामा चालिस वर्षका घटनाको प्रस्तुति छैन । चालिस वर्षभित्रका केही घटनाहरू पात्रको पृष्ठभूमिका सन्दर्भमा मात्र आएकाले तिनले समाख्यायित काललाई घटना कालभन्दा ज्यादा व्यापक बनाएका छन् । यो काल नै कथाको प्रस्तुतीकरणको काल (रिप्रेजेन्टेसनल टाइम) हो । यस कथामा घटना कालले भन्दा समाख्यायित कालले ज्यादा समयावधि समेटेको छ । यस कथामा समयावधिको किटान गरिए पनि त्यो अवधि सुनिश्चित र सापेक्षिक खालको छैन । यद्यपि यस कथामा कुनै अवधिको अनुमानै गर्न नसकिने खालको समयावधिको प्रस्तुति पनि छैन । कथाको समाख्यानात्मक क्रममा आउने घटनाहरू दुई दिनभित्र घटित छन् । समाख्यानात्मक क्रममा आएका घटनाको प्राकृतिक क्रम छैन । पछिल्लो समय घटेका घटनाको पूर्वप्रस्तुति छ । समाख्यानात्मक क्रममा आएका घटनाको बिचबिचमा पात्रका सोचाइ, विचार, अन्तर्द्वन्द्व, विगत, संस्मरण आदि पात्र र समाख्याताले प्रस्तुत गरेकाले समाख्यानात्मक क्रममा असङ्गति (एनाक्रोनी) आएको देखिन्छ । यी असङ्गतिले पाठलाई प्रभावोत्पादक बनाई घटना, परिवेश र पृष्ठभूमिबीच तादात्म्य उत्पन्न गरेका छन् । पृष्ठभूमि निर्माणमा भूतकालको प्रयोग गरिएको छ भने पात्रका स्थिति, मनोदशा, विचार र अन्तर्द्वन्द्वको प्रस्तुतिमा अभूत काल (अधिकांश वर्तमान काल र एकदुई वाक्यमा भविष्यत् कालको समेत) प्रयोग गरिएको छ । यसले कथालाई दृश्यात्मक र प्रभावोत्पादक बनाएको छ ।

समग्रमा यस कथाको समाख्यानात्मक क्रम भङ्ग भई असङ्गति हुनु, तिनले घटनाको पृष्ठभूमि, परिवेश र घटनाबीच अन्तर्सम्बद्धता ल्याउनु, पृष्ठभूमि निर्माणमा भूतकाल, स्थितिवर्णन, मनोदशा, परिवेश वर्णनमा अभूत कालको प्रयोग भई आख्यानमा दृश्यात्मकता र प्रभावकारिता आउनु, समाख्यानात्मक अवधि चालिस वर्षको भए पनि घटना काल दुई दिनको हुनु, कुनै घटनाको आवृत्ति नहुनाले घटनाअवधि छोटो हुनु विवेचित कथाका समाख्यानात्मक कालगत विशेषता हुन् । यी विशेषताले विवेचित कथालाई मध्यम आयामको बनाएको छ साथै कथालाई मिश्रित शैलीगत संरचना प्रदान

गरेको छ । विवेचित कथामा घटना कालले उत्पन्न गरेको कौतुहललाई समाख्यायित कालले शमन गरी पाठकमा आत्मसन्तुष्टि प्रदान गरेको छ । समाख्यानात्मक कालले यस कथाका विषय, पात्र, घटना आदिको अन्तर्सम्बन्ध सुदृढ गराई कथ्य विषयको प्रभावकारितामा वृद्धि गरेको छ ।

## सन्दर्भसामग्री सूची

गौतम, देवी (२०६६). 'आख्यानमा काल व्यवस्था'. *प्राध्यापक उद्‌घोष.* १/१, पृ. २०-२४ ।

गौतम, ध्रुवचन्द्र (२०७२). 'कथाशक्तिको प्रबल परिचायक कथासङ्ग्रह'. *बेन्जु शर्माका कथाहरू.* भूमिका (ले.बेन्जु शर्मा). भीमनिधि तिवारी साहित्य समिति ।

शर्मा, बेन्जु (२०७२). *बेन्जु शर्माका कथाहरू.* भीमनिधि तिवारी साहित्य समिति ।

Genette, Gerard (1980). *Narrative Theory : An essay in Method* (Translated by Jane E. Lewin). cornell University Press. downloaded on 3/10/2020

Garcia Landa and Josh Angel. "Time structure in the story : Gerard Genette". *Narrative Discourse (Narrative Theory, 3)*, Uploaded on 24/3/2017 http://www.researchgate.net/publication/318041820.

www.anglistik.uni-freiburg.de/intranet/englishbasics/Time02.html downloaded on 3/24/2020.